उद्घोष
राष्ट्रिय दैनिक
२०८२ जेठ १४ बुधबार
Wednesday 28 May 2025
मो.जि.का. द.नं. ६७/०४७/०४८


# इक्यान पूर्वाञ्चलद्वारा प्रशिक्षण



विराटनगर(उस)/ नेपाल शैक्षिक परामर्श संघ (इक्यान) पूर्वाञ्चल शाखाले अमेरिका अध्ययनका लागि परामर्श दिने कन्सल्टेन्सीका सञ्चालक तथा परामर्शदाताहरूलाई एकदिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

नेपालबाट अमेरिकामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीको बढ्दो संख्यालाई दृष्टिगत गर्दै गुणस्तरीय परामर्श सेवा सुनिश्चित गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा ईनुनीका क्षेत्रीय निर्देशक सुवास थापाले अमेरिकी शिक्षा प्रणाली, भिसा प्रक्रिया, छात्रवृत्ति र सांस्कृतिक पक्षबारे विस्तृत जानकारी दिए । उनले विद्यार्थीलाई प्रभावकारी परामर्श दिन प्रशिक्षक दक्ष र जानकार हुनुपर्नेमा जोड दिए ।

इक्यान पूर्वाञ्चलका सचिव दुर्लभ कार्कीले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष रवि गुप्ताले स्वागत मन्तव्य दिएका थिए । इक्यान केन्द्रीय सदस्य गोविन्द खनालले यस्ता प्रशिक्षणले परामर्शदाताको क्षमता वृद्धि भई विद्यार्थीलाई गुणस्तरीय सेवा दिन सहयोग पुग्ने बताए ।

अन्त्यमा, इक्यान पूर्वाञ्चलका अध्यक्ष रविन्द्र निरौलाले नियमित प्रशिक्षणले सदस्यको क्षमता अभिवृद्धि हुने र विद्यार्थीलाई सही परामर्श दिन सहयोग पुग्ने बताउँदै कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिए ।

# मानवअधिकार आयोगले मनायो रजत जयन्ती

विराटनगर(उस)/राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेशमा चालू आर्थिक बर्षमा मानव अधिकार उल्लंघनका २ सय ३२ वटा उजुरीहरू परेका छन् ।

राष्ट्रिय मानवअधिकार आयोगको २५ औं रजत वार्षिकोत्सवको अवसरमा आयोगको कोशी प्रदेश कार्यालयले विराटनगरमा आयोजना गरेको रजत महोत्सव विशेष कार्यक्रममा सो बिषयमा जानकारी दिइएको छ ।

कार्यक्रममा आफ्नो प्रस्तुति राख्दै आयोगका मानव अधिकार अधिकृत डिल्लीराम लम्सालले चालू आबको २०८१ जेठ १३ देखि २०८२ जेठ १२ सम्म कोशी प्रदेश कार्यालय विराटनगरले हेर्ने ११ जिल्लाबाट मानव अधिकार हननका २ सय ३२ वटा उजुरी परेको जानकारी दिए ।

ती उजुरीहरूमध्ये ताप्लेजुङ जिल्लामा सबभन्दा बढी ५६ वटा छन् भने दोस्रोमा मोरङमा ५२ वटा उजुरी परेको आयोगको तथ्यांकमा देखिन्छ। इलाममा २९, संखुवासभामा २५, उदयपुरमा १५, सुनसरीमा १३, पाँचथरमा १२, झापामा ११, भोजपुरमा १०, धनकुटामा आठ र




तेह्रथुममा सबैभन्दा कम एउटा मात्र उजुरी परेको जनाइएको छ ।

परेका उजुरीहरूमध्ये विषयगत उजुरीमा सबैभन्दा बढी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी ८६ वटा उजुरी छन् भने आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका ६० वटा, बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको अधिकारका ५०, यातना बिरूद्धको अधिकार २४, महिला अधिकारका सात, बालअधिकारका दुई र अपाङता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी विभिन्न तीनवटा उजुरी परेको छ । परेका उजुरीमध्ये ९२ वटाको अनुसन्धान सम्पन्न भएको कार्यक्रममा जनाइएको थियो ।

सो अवसरमा कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले मानवअधिकार संरक्षण र प्रबर्द्धनमा राष्ट्रिय मानवअधिकार आयोगले महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । उनले ब्यक्तिको मानवअधिकारको रक्षा गर्न आयोगका साथै सबै पक्ष जिम्मेवार हुनुपर्ने धारणा राखे ।

सामाजिक विकासमन्त्री पाचकर्ण राईले आयोगले सरकारलाई समेत झकझक्याउने काम गर्दै आएको बताए । कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख उषा झा, इन्सेक कोशी प्रदेशका कार्यक्रम संयोजक मनोहर पोखरेललगायतले लोकतन्त्र र मानवअधिकार एकअर्काका परिपूरक रहेको बताए । आयोगका प्रदेश प्रमुख सहसचिव बिरबहादुर बुढा मगरको अध्यक्षतामा सो कार्यक्रम भएको थियो ।

# एक महिनामै आगलागीबाट एघारको मृत्यु

काठमाडौं/देशभर पछिल्लो एक महिनामै आगलागीबाट ११ जनाले ज्यान गुमाएका छन् । जसमा तीन पुरुष, पाँच महिला, दुई बालक र एक बालिका छन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले गएको वैशाखको तथ्यांक विश्लेषण गर्दा सो अवधिमा आगलागीबाट ६७ जना घाइते भएको पनि जानकारी दिए । घाइते हुनेमा २७ पुरुष, ३२ महिला र आठ बालबालिका छन् । आगलागीका घटनामा बढोत्तरी भएसँगै ठूलो भौतिक तथा मानवीय क्षति हुने गरेको उनले बताए । नागरिक सचेत भए पनि धेरै घटना रोक्न सकिने जनाइएको छ । प्रहरीले एक महिनामा आगलागीबाट १५१ घर, १०१ गोठ र तीनवटा सरकारी कार्यालयमा क्षति पुगेको जानकारी दिएको छ । आगलागीबाट १८९ पशुचौपायसमेत मरेका छन् । ती आगलागीका घटनाबाट २४ करोड १९ लाख ५९ हजार बढीको आर्थिक क्षति पनि भएको प्रहरीको तथ्यांकमा उल्लेख छ । आगलागीबाट ११० परिवार विस्थापित नै भएका छन् । एक महिनामै ६३४ वटा आगलागीका घटना भएको पनि प्रहरी प्रधान कार्यालयले जनाएको छ । (रासस)

## «मुख्यमन्त्रीको

साथ दिंदा प्राप्त हुने केही व्यक्तिगत सुविधाको लोभमा पार्टीलाई अस्तित्वविहीन तुल्याउनुभएको छ', ती सांसदको थप आरोप छ 'उहाँ झापामा ट्याक्कटुक्क मिलाएर अघि बढ्ने बानी पर्नुभएको रहेछ । खासमा उहाँ राजनीतिक मान्छे नै होइन ।' ती सांसदले 'अफ दि रेकर्ड' भनेको कुरा अमृत अर्यालले भने खुला रुपमै भनेका छन् । 'उद्धवजीमा राजनीतिक कल्चर एकदमै कमजोर रहेछ, त्यही कारण हामीले प्रदेशसभामा अपमानित भएर बस्नुपरेको छ' उनले भनेका छन् ।

झापामा दुईपटक चुनाव हारेपछि समानुपातिकबाट छानिएर प्रदेशमा आएका थापा यसअघि दुईपटक मुख्यमन्त्री बनेका छन् । पहिलोपटक २२ दिनमा सर्वोच्च अदालतबाट पदमुक्त बनेका उनी दोस्रो पटक ३८ दिनमा सर्वोच्चबाटै पदमुक्त बनेका थिए । दुईपटक अदालतबाट पदमुक्त हुनुपरेको रनाहामा रहेका उनी एमालेले मुख्यमन्त्री बनाइदिने लोभमा उसैको पछिपछि दौडिरहेको उनकै सांसदहरुको आरोप छ । 'पहिलो कुरा यो गठबन्धन टिक्ने नटिक्ने टुंगो छैन, यस्तोमा अडान र एजेन्डा सारेर मुख्यमन्त्रीलाई कस्नुपर्ने थापाले जसोजसो एमाले, उसैउसै स्वाहा गरेर पार्टीको स्वाभिमान ध्वस्त पारेका छन्', डा शेखर कोइराला पक्षका एक सांसदले भने 'अमृत दाइले बल्ल थाहा पाउनुभएछ । खुसी लागेको छ ।'

शेखर पक्षका सांसदहरु थापाले जतिसुकै लोभ देखाए पनि उनी अब मुख्यमन्त्री बन्न नसक्ने ठोकुवा गर्छन् । 'राजनीतिक चरित्र नै नभएका, क्षमता र भिजन नभएका उनलाई अब कांग्रेसले अघि सार्ने सम्भावना छैन' ती सांसद भन्छन् ।

थापा लामो समय पार्टीभित्रको विभिन्न जिम्मेवारीमा रहेका नेता हुन् । क्षेत्रीय सभापति, जिल्ला सचिव, उपसभापति हुँदै दुई कार्यकाल झापा कांग्रेसको सभापति बनेका थिए । लामो अनुभव संगालेका थापाले जनप्रतिनिधि बनेको पहिलो पटकमै प्रदेशको मुख्यमन्त्री बन्ने सफलता पाएका थिए । तर, उनको सत्तायात्रा भने ज्यादै सकसपूर्ण बन्दै आएको छ । पार्टीको आन्तरिक मोर्चामा सधैं सफलता मात्रै हात पारेका उनले संसदीय र राजकीय मामिलामा भने सधैं असफलता बेहोर्दै आएका छन् । अहिले दलभित्रैबाट उठिरहेको असन्तोषको स्वरले पनि उनकै कार्यकौशल माथि प्रश्न गरिरहेको छ ।

बीमा गर्दा ध्यान दिनुपर्ने कुरा
बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवं सुविधाबारे पूर्ण जानकारी लिएर मात्र बीमा गर्नुपर्दछ।
नेपाल बीमा प्राधिकरण
कोशी प्रदेश कार्यालय, विराटनगर

हामीलाई सम्झनुस्
हामी कहाँ गृलको झ्याल ढोका, सटर, ट्रस, स्कुलको टेबल बेन्च, आल्मुनियमको झ्याल ढोका, युपीभीसीको झ्याल ढोका, स्टीलको रेलीङ र फल सेलीङ साथै टफन सीसाको रेलीङ उचित मूल्यमा पाइन्छ ।
भगवती गृल उद्योग
प्रो. राजेशकुमार शाह
सम्पर्क नं: ९८४२५३०२३५, ९८२५११७८२१
विराटनगर-१०, धर्मबाँधरोड

बाुलेन रफ्तार
जाँदा–बिहान
विराटनगरबाट ५:१५ बजे
फर्कदा–दिउँसो
कटारीबाट १२:४५ बजे
सम्पर्क: ९८१९३६३५३७
९८६२०३९५११
९८१३६०७१९७
विराटनगर, इटहरी, चतरा, रामपुर, बेल्टार, गाईघाट, नेपालटार हुँदै कटारी



हार्दिक धन्यवाद तथा आभार



मानगढ खानेपानी संस्थाको हालै सम्पन्न निर्वाचनमा उपाध्यक्ष पदको स्वतन्त्र उम्मेदवारको हैसियतले सम्पूर्ण उपभोक्ता महानुभावहरूप्रति गहिरो सम्मानसहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु।
राजनीतिक हस्तक्षेपको अन्त्य, भ्रष्टाचारमुक्त व्यवस्थाको स्थापना, सुलभ मूल्यमा गुणस्तरीय खानेपानी सेवा वितरण गर्ने अठोटसहित मैले अघि सारेको अभियानमा तपाईंहरूले दिएको अमूल्य मतले मलाई गहिरो भरोसा, समर्थन र प्रेरणा प्रदान गरेको छ।
यो परिणाम केवल निर्वाचनको हार होइन–यो उपभोक्ताहरूको विश्वास, न्याय र सुशासनप्रतिको समर्थन, साथै सकारात्मक परिवर्तनप्रतिको ऐतिहासिक जित हो।
तपाईंहरूको यही विश्वास र समर्थन आगामी दिनहरूमा अझ दृढ, सशक्त र सक्रिय रूपमा निरन्तर रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।
म भविष्यमा पनि तपाईंहरूको सेवामा समर्पित रहनेछु। निर्वाचनमा विजयी सम्पूर्ण पदाधिकारी एवं सदस्यहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।
रूद्रबहादुर काकी
स्वतन्त्र उम्मेदवार–उपाध्यक्ष पद
मानगढ खानेपानी संस्था, विराटनगर

पहाडी यातायात सेवा
विराटनगर–भोजपुर
अरूण बरूण यातायात
विराटनगरबाट छुट्ने समय : विहान ५ बजे
विराटनगर–तेह्रथुम
रेशम फिलिलि
विराटनगरबाट छुट्ने समय : विहान ८:४५ बजे
विराटनगर–खाँदबारी
महालक्ष्मी, भाग्यलक्ष्मी
विराटनगरबाट छुट्ने समय : विहान ५:२० बजे
विराटनगर–जितपुर
साइराम यातायात
विराटनगरबाट छुट्ने समय : विहान ७ बजे
९८४२०४५६४७, ९८११००९७०४, ९८४२०४९०६७, ९८००९५५४७५




# नौं हजार परिवार बाढीको जोखिममा

झापा/झापा यस वर्ष बाढीका कारण नौ हजार घरपरिवार प्रभावित हुने अनुमान गरिएको छ । जिल्लाका झापा, गौरीगञ्ज, कचनकवल र बाह्रदशी गाउँपालिका बाढीको उच्च जोखिममा रहेका अनुमान गरिएको हो ।

शिवसताक्षी, कनकाई, भद्रपुर, मेचीनगर, गौरादह, दमक, अर्जुनधारा र बिर्तामोड नगरपालिका तथा हल्दिबारी र बुद्धशान्ति गाउँपालिका जोखिम तुलनात्मक रूपमा कम जोखिममा रहेका जिल्लास्थित नेपाल रेडक्रस सोसाइटीका सभापति लोकराज ढकालले जानकारी दिए । (रासस)

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना १४ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय ईनरुवाबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) क) कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **महालक्ष्मी हार्डवेयर एण्ड सिसा पसल** परिवर्तित नाम : नागेशवर हार्डवेयर एण्ड सप्लायर्स प्रोप्राइटरको नाम : दिल बहादुर चौहान प्रा.फ.र.नं. : ३३९५/०७१/०७२
दर्ता जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, सुनसरी दर्ता मिति : २०७१/०७/२५
फर्मको ठेगाना : सुनसरी जिल्ला प्रकासपुर वडा नं. ८ हाल, बराहक्षेत्र न.पा. वडा नं. १०
स्थायी लेखा नं. : ६०१३१८०२३

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) कृष्ण बहादुर चौहानको नाति जगत बहादुर चौहानको छोरा सुनसरी जिल्ला प्रकाशपुर वडा नं. १ हाल, बराहक्षेत्र न.पा. वडा नं. १० बस्ने **दिल बहादुर चौहान** (ना.प्र.नं. : ५६३७१/५७३७१ जारी मिति र जिल्ला : २०५७/०७/०२, सुनसरी)

२) लाल बहादुर बुढाथोकीको छोरी जगत बहादुर चौहानको बुहारी दिल बहादुर चौहानको पत्नी सुनसरी जिल्ला प्रकाशपुर वडा नं. १ हाल, बराहक्षेत्र न.पा. वडा नं. १० बस्ने **कुमारी चौहान** (ना.प्र.नं. : ०६-०१-६९-०७३२४ जारी मिति र जिल्ला : २०६९/०७/१९, सुनसरी)

**ख) कर्जा शीर्षक : व्यवसायिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **कुमारी सप्लायर्स** करदाताको नाम : कुमारी चौहान दर्ता नं. : ०१
दर्ता गर्ने कार्यालय : बराहक्षेत्र नगरालिका/गाउँपालिका १० नं. वडा कार्यालय प्रकाशपुर, सुनसरी
दर्ता मिति : २०७८/०४/०३
व्यवसायको ठेगाना : सुनसरी जिल्ला बराहक्षेत्र न.पा. वडा नं. १० स्थायी लेखा नं. : १२५७७२३०१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) कृष्ण बहादुर चौहानको नाति जगत बहादुर चौहानको छोरा सुनसरी जिल्ला प्रकाशपुर वडा नं. १ हाल, बराहक्षेत्र न.पा. वडा नं. १० बस्ने **दिल बहादुर चौहान** (ना.प्र.नं. : ५६३७१/५७३७१ जारी मिति र जिल्ला : २०५७/०७/०२, सुनसरी)

२) लाल बहादुर बुढाथोकीको छोरी जगत बहादुर चौहानको बुहारी दिल बहादुर चौहानको पत्नी सुनसरी जिल्ला प्रकाशपुर वडा नं. १ हाल, बराहक्षेत्र न.पा. वडा नं. १० बस्ने **कुमारी चौहान** (ना.प्र.नं. : ०६-०१-६९-०७३२४ जारी मिति र जिल्ला : २०६९/०७/१९, सुनसरी)

**ग) कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

कृष्ण बहादुर चौहानको नाति जगत बहादुर चौहानको छोरा सुनसरी जिल्ला प्रकाशपुर वडा नं. १ हाल, बराहक्षेत्र न.पा. वडा नं. १० बस्ने **दिल बहादुर चौहान** (ना.प्र.नं. : ५६३७१/५७३७१ जारी मिति र जिल्ला : २०५७/०७/०२, सुनसरी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

लाल बहादुर बुढाथोकीको छोरी जगत बहादुर चौहानको बुहारी दिल बहादुर चौहानको पत्नी सुनसरी जिल्ला प्रकाशपुर वडा नं. १ हाल, बराहक्षेत्र न.पा. वडा नं. १० बस्ने **कुमारी चौहान** (ना.प्र.नं. : ०६-०१-६९-०७३२४ जारी मिति र जिल्ला : २०६९/०७/१९, सुनसरी)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/११/१३ को उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८२/०१/११ को प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| दिल बहादुर चौहान | सुनसरी जिल्ला भोक्राहा वडा नं. ७ | ७ज | ६७७ | ०-०-१७-० |
| | सुनसरी जिल्ला भोक्राहा वडा नं. ९ | ९झ | १३६५ | ०-०-१९.५-० |
| | | | १३६३ | ०-०-०.५-० |

**२) कर्जा शीर्षक : व्यावसायिक आवधिक तथा अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **सिटी फेसन वेयर** प्रोप्राइटरको नाम : लिल कुमार चौधरी प्रा.फ.र.नं. : ३३०८/०७१/०७२
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय ईटहरी, सुनसरी दर्ता मिति : २०७१/०६/२३
फर्मको ठेगाना : सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६०८७२३०२४

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हेगल चौधरी थारुको नाति रघु चौधरी थारुको छोरा मोरङ्ग जिल्ला बेलबारी वडा नं. ५ हाल, बेलबारी न.पा. वडा नं. ४ बस्ने **लिल कुमार चौधरी** (ना.प्र.नं. : २२६१/८०३ जारी मिति र जिल्ला : २०४४/१२/२३, मोरङ्ग)

२) कालु राम चौधरीको छोरी रघु चौधरी थारुको बुहारी लिल कुमार चौधरीको पत्नी मोरङ्ग जिल्ला बेलबारी वडा नं. ५ हाल, बेलबारी न.पा. वडा नं. ४ बस्ने **चन्द्र देवी चौधरी** (ना.प्र.नं. : ५६७०/५६८० जारी मिति र जिल्ला : २०४६/०३/११, मोरङ्ग)

३) रघु चौधरी थारुको नाति लिल कुमार चौधरीको छोरा मोरङ्ग जिल्ला बेलबारी वडा नं. ५ हाल, बेलबारी न.पा. वडा नं. ४ बस्ने **कमल चौधरी** (ना.प्र.नं. : ०५३०३७/५५४ जारी मिति र जिल्ला : २०६३/११/२५, मोरङ्ग)

४) रघु चौधरी थारुको नाति लिल कुमार चौधरीको छोरा मोरङ्ग जिल्ला बेलबारी वडा नं. ५ हाल, बेलबारी न.पा. वडा नं. ४ बस्ने **मनोज चौधरी** (ना.प्र.नं. : ०५-०१-७०-१७४७० जारी मिति र जिल्ला : २०७०/०५/०९, मोरङ्ग)

५) रघु चौधरी थारुको नाति लिल कुमार चौधरीको छोरा मोरङ्ग जिल्ला बेलबारी वडा नं. ५ हाल, बेलबारी न.पा. वडा नं. ४ बस्ने **निर्मल चौधरी** (ना.प्र.नं. : ०५१०३८/१६८ जारी मिति र जिल्ला : २०६६/०८/१३, मोरङ्ग)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/११/१३ को उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८२/०१/११ को प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| लिल कुमार चौधरी | मोरङ्ग जिल्ला कसेनी वडा नं. २ | २ङ | ८० | ०-१०-०-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०२/२८ गते बुधबार भित्र यस बैकको शाखा कार्यालय ईनरुवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/२९ गते विहीबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय ईनरुवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

सौगात प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा हंसबाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित कार्यालय : विराटनगर-७, मेनरोड, फोन नं. : ०२१-४५०३०५, ५१५७२८, ५७८३०५ इमेल : udghosh@gmail .com,
प्रबन्ध सम्पादक : विजय खतिवडा, समाचार सम्पादक : विक्रम निरौला, सहसम्पादक : कमल रिमाल, फोटो सम्पादक : संजीव खनाल, व्यवस्थापक : पूर्ण भुजेल, प्रबन्ध निर्देशक : बन्धु पोखरेल, सम्पादक : मोहन भण्डारी